नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

## सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति: २०७६।०९।२२.........

नेपाल सरकारको आर्थिक वर्ष २०७६।७७ को बजेट बक्तव्यको बुँदा नं. २१५ मा उल्लेख भए बमोजिम सामाजिक तथा आर्थिक विकासको क्षेत्रमा पछाडि परेका चीनसंग सीमा जोडिएका उच्च पहाडी क्षेत्रका जिल्लाहरुमा शिक्षा, स्वास्थ्य, सडक, कृषि तथा सिंचाई र ऊर्जा सम्बन्धी पूर्वाधार विकासमा लगानी विस्तार गरी जनताको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम चालू आ. व. देखि कार्यान्वयनमा रहेको छ। उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को अनुसूची १ मा उल्लिखित स्थानीय तहबाट प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, विकास सहायता समन्वय शाखामा पठाउनु पर्ने हुँदा सोको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

स्थानीय तहले देहायका आधारमा आयोजना सिफारिश गर्नुपर्ने:

१. **स्वास्थ्य क्षेत्र** अन्तर्गत अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र प्रसुती सेवा केन्द्र, **शिक्षा क्षेत्र** अन्तर्गत सामुदायिक विद्यालय (प्राविधिक विद्यालय समेत) भवन र विद्यालयको छात्रवास भवन, **सडक तर्फ** स्थानीय तह भित्रका वस्ती, बिद्यालय, स्वास्थ्य चौकी र बजार केन्द्र जोड्ने सडक, **कृषि तथा सिंचाई तर्फ** सतही तथा सोलार लिफ्टिङ सिंचाईको निर्माण, लघु-सिंचाई, व्यवसायमूलक पशु तथा कृषि व्यवसाय प्रवर्द्धन, सोलार ड्रायर, डेरी उद्यम, शीत भण्डार निर्माण र फलफूल तथा जडिवुटी प्रसोधन सम्बन्धी साना-मझौला उद्योग र **उर्जा तर्फ** सौर्य उर्जा निर्माण सम्बन्धी आयोजनाहरु हुनुपर्ने;

२. एउटा स्थानीय तहले बढीमा ३ (तीन) वटा सम्म आयोजनाहरु सिफारिश गर्नुपर्ने;

३. आयोजनाको न्यूनतम लागत ५ करोड हुनुपर्ने;

४. कार्यविधिको अनुसूची २ बमोजिमको ढाँचामा तोकिएका कागजात सहित छुट्टाछुट्टै प्रस्ताव पेश गर्नुपर्ने;

५. प्रस्तावको hard copy तोकिएको मितिभित्रै मन्त्रालयमा दर्ता गराउनुपर्ने वा dccs@mofaga.gov.np मा पठाउनुपर्नेछ।

कार्यक्रम सम्बन्धी थप जानकारीको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, विकास सहायता समन्वय शाखा, सिंहदरवार, काठमाण्डौमा सम्पर्क राख्नु हुन तथा उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ मन्त्रालयको वेवसाइट www.mofaga.gov.np बाट प्राप्त गर्न सकिने व्यहोरा अनुरोध छ।

सम्पर्क फोन नं.:- ०१-४२००५२८ र ४२००४१४

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

प्रस्तावनाः सामाजिक तथा आर्थिक विकासको क्षेत्रमा पछाडि परेका चीनसंग सीमा जोडिएका उच्च पहाडी क्षेत्रका जिल्लाहरुमा पूर्वाधार विकास जीवनस्तर सुधार कार्यक्रम सञ्चालन गरी ती क्षेत्रका आर्थिक र सामाजिक रुपमा पछाडि परेका वर्ग र समुदायका जनताहरुको सार्वजनिक सेवामा पहुँच अभिबृद्धि तथा जीवनस्तरमा सुधार ल्याउन आवश्यक कार्यक्रमहरुको तर्जुमा गरी सञ्चालन र व्यवस्थापन गर्न वाञ्छनीय भएकोले

उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न विनियोजन ऐन, २०७६ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद — १

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "आयोजना" भन्नाले उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना तथा कार्यक्रमलाई सम्झनुपर्छ ।

(ख) "चिनीया पक्ष" भन्नाले यस कार्यक्रममा सहायता उपलव्ध गराउने चीन सरकारको सम्बन्धित मन्त्रालय वा नियोग वा चीनको स्वशासित क्षेत्र तिव्वत सरकारको मन्त्रालय वा नियोग वा चीन सरकारको तर्फबाट नेपालमा प्रतिनिधित्व गर्ने नेपालस्थित चिनीया दूतावासलाई सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई जनाउँछ ।

(घ) "प्राविधिक समिति" भन्नाले यस कार्यविधि बमोजिम गठित आयोजना छनौट समितिलाई सम्झनु पर्दछ ।

(ङ) "स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिम गठन भएका यो कार्यक्रम सञ्चालन हुने अनुसूची—१ मा उल्लेखित नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्दछ ।

(च) "बिषयगत मन्त्रालय" भन्नाले नेपाल सरकारका विषयगत संघीय मन्त्रालयहरु सम्झनु पर्दछ ।

**३. कार्यक्रमको मुख्य उद्देश्यहरुः** यस कार्यविधिका मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछन्ः

(क) यस कार्यक्रमको लागि स्थानीय तहलाई उपलव्ध गराइने स्रोतलाई प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्ने आधार र प्रक्रियाबारे स्पष्टता कायम गर्ने,

(ख) प्राप्त सहायतालाई तुलनात्मक रुपमा बढी दुर्गम एवं पिछडिएको क्षेत्रमा परिचालन गरी स्थानीय समुदायको आर्थिक सामाजिक विकासमा टेवा पुर्याउने,

(ग) आयोजना पहिचान, छनौट, कार्यान्वयन, बजेट निकासा र खर्च प्रक्रियालाई सरल, पारदर्शी र व्यवस्थित बनाउने,

(घ) कार्यक्रम कार्यान्वयनको सन्दर्भमा सम्बन्धित सरोकारवालाहरुको अधिकार एवं जिम्मेवारी स्पष्ट गरी आयोजना व्यवस्थापनलाई दक्षतापूर्ण एवं प्रभावकारी बनाउने,

(ङ) कार्यक्रम कार्यान्वयनमा तादम्यता तथा एकरुपता ल्याउने ।

## परिच्छेद — २

## कार्यक्रम सञ्चालन हुने भौगोलिक क्षेत्र एवं कार्यक्षेत्र

**४. कार्यक्रम सञ्चालन हुने भौगोलिक क्षेत्रः** सडक सञ्जालमा न्यून पहुँच रहेका, मानव विकासको सूचकाङ्कमा तुलनात्मक रुपमा पछाडि रहेका अनुसूची—१ मा उल्लेख भए बमोजिमका चीनसँग सीमा जोडिएका जिल्लाहरुका स्थानीय तहमा यो कार्यक्रम कार्यान्वयन गरिनेछ ।

**५. कार्यक्रमका क्षेत्रहरुः** स्थानीयस्तरमा प्रत्यक्ष आर्थिक विकासका आधार तयार गर्ने, सामाजिक विकासमा योगदान गर्ने, सार्वजनिक सेवाको पहुँचमा सुधार गर्ने देहायका क्षेत्रमा आयोजना तथा कार्यक्रम सञ्चालन गरिनेछः

(क) स्वास्थ्य तर्फः अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र प्रसुती सेवा केन्द्र निर्माण ।

(ख) शिक्षा तर्फः सामुदायिक विद्यालय (प्राविधिक विद्यालय समेत) भवन र विद्यालयको छात्रावास भवन निर्माण ।

(ग) सडक तर्फः स्थानीय तह भित्रका वस्ती, बिद्यालय, स्वास्थ्य चौकीहरु र बजार केन्द्रहरु जोड्ने सडक निर्माण ।

(घ) कृषि तथा सिंचाई तर्फः सतही तथा सोलार लिफ्टिङ सिंचाईको निर्माण, लघु-सिंचाई, व्यवसायमूलक पशु तथा कृषि व्यवसाय प्रवर्द्धन, सोलार ड्रायर, डेरी उद्यम, शीत भण्डार निर्माण र फलफूल तथा जडिवुटी प्रसोधन सम्बन्धी साना-मझौला उद्योग ।

(ङ) उर्जा तर्फः सौर्य उर्जा ।

## परिच्छेद — ३

## आयोजना छनौट, सञ्चालन तथा व्यवस्थापन

६. **आयोजना पहिचानः** (१) स्थानीय तहले आफ्नो आर्थिक सामाजिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने तथा स्थानीय तहको योजनामा प्राथमिकताको क्षेत्रमा रहेका आयोजनाको पहिचान गरी अनुसूची—२ बमोजिमको प्रस्ताव सहित मन्त्रालयमा सिफारिश गरी पठाउनुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम स्थानीय तहले आयोजनाको पहिचान गर्दा दफा ५ मा उल्लिखित क्षेत्रमध्ये एउटा क्षेत्रबाट एक वटा पर्ने गरी न्यूनतम रु पाँच करोड सम्मका तीन (३) वटा आयोजनाहरु सिफारिश गरी पठाउनुपर्नेछ ।

(३) उपदफा (१) अनुसार माग एवं सिफारिश भई आएका आयोजनाहरु मध्येबाट कार्यक्रम निर्देशक समितिले देहायका आधारमा प्राथमिकीकरण गरी आयोजना छनौट गर्नेछः

(क) गाउँपालिका वा नगरपालिकाको सामाजिक-आर्थिक विकासको अवस्था

(ख) आयोजनाबाट प्रत्यक्ष रुपमा लाभान्वित जनसंख्या

(ग) स्थानीय तहको प्राथमिकताको क्षेत्र (आवधिक विकास योजना, गुरुयोजना, क्षेत्रगत नीति आदिमा उल्लेख भएको)

(घ) स्थानीय तहको आन्तरिक राजश्व

(ङ) आयोजनाको अन्य कार्यक्रमसँग परिपुरकताको अवस्था

(च) प्रादेशिक सन्तुलन र सामाजिक न्याय

(४) उपदफा (२) वमोजम छनौट भएका आयोजना कार्यान्वयनका लागि मन्त्रालयले चिनीया पक्ष समक्ष लेखी पठाउनेछ ।

७. **आयोजना सञ्चालन तथा व्यवस्थापनः** (१) यस कार्यक्रम अन्तर्गत सञ्चालन हुने पूर्वाधार निर्माण सम्बन्धी आयोजनाहरु टर्नकी प्रोजेक्टको अवधारणा अनुरुप चिनीया पक्षबाट निर्माण सम्पन्न गरी सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गरिनेछ ।

(२) स्वीकृत आयोजनाहरुको विस्तृत आयोजना प्रतिवेदन तयारी, खरिद, ठेक्का व्यवस्थापन तथा निर्माण कार्य चिनीया सरकारले छनौट गरेको निर्माण व्यवसायीले गर्नेछ ।

(३) आयोजनाको निर्माण कार्य प्रारम्भ हुनुपूर्व सम्पन्न गर्नुपर्ने अनिवार्य कार्यहरु जस्तै जग्गा प्राप्ति, पहुँचको सुनिश्चितता र साइट क्लियरेन्स गर्ने कार्य सम्बन्धित स्थानीय तहले गर्नुपर्नेछ।

(४) स्थानीय तहले उपदफा (३) वमोजिम गर्न नसकेमा सो कार्यक्रम अन्य क्षेत्रमा सञ्चालन गरिनेछ ।

(५) चिनीया पक्षले स्थानीय तहको प्रत्यक्ष समन्वय, निर्देशन र सुपरिवेक्षणमा रही आयोजना कार्यान्वयन गर्नुपर्नेछ ।

८. **कार्यान्वयन सम्झौताः** (१) आयोजना कार्यान्वयनलाई प्रभावकारी बनाई तोकिएको समयभित्रै मितव्ययी एवं दक्षतापूर्वक र गुणस्तरीय पूर्वाधार निर्माण गर्नका लागि चिनीया पक्षतर्फको निर्माण व्यवसायी र स्थानीय तहबीच आयोजना कार्यान्वयन सम्झौता गरिनेछ ।

(२) उपदफा (१) वमोजिम गरिने सम्झौताको ढाँचा मन्त्रालय र चिनीया पक्षले तयार गरी उपलव्ध गराउनेछ।

(३) उपदफा (१) बमोजिम गरिने सम्झौता कार्यान्वयनको प्रगतिको प्रत्यक्ष अनुगमन सम्बन्धित जिल्ला समन्वय समितिले गर्नेछ । भौतिक प्रगति र समीक्षा लगायतका विषयको अनुगमन मन्त्रालय र नेपालस्थित चिनीया दूतावासबाट गरिनेछ।

९. **आयोजनाको अनुगमन तथा मूल्याङ्कनः** (१) स्थानीय तहको अनुगमन समितिले आयोजनाको नियमित रुपमा अनुगमन गर्नेछ ।

(२) सम्बन्धित स्थानीय तहले यो निर्देशिका बमोजिम सञ्चालित आयोजनाहरुको चौमासिक तथा वार्षिक प्रतिवेदन सम्बन्धित जिल्ला समन्वय समिति र मन्त्रालयमा नियमित रुपमा पठाउनु पर्नेछ ।

**१०. सञ्चालन तथा मर्मत संभारः** यस कार्यक्रम अन्तर्गत निर्माण सम्पन्न भई सम्बन्धित स्थानीय तहमा हस्तान्तरण हुने आयोजनाकोहरुको दीगोरुपमा सञ्चालन एवं व्यवस्थापनका लागि सम्बन्धित स्थानीय तहले सञ्चालन, मर्मत संभार र स्तरोन्नतिको उचित प्रवन्ध गर्नुपर्नेछ।

## परिच्छेद — ४

## स्रोत परिचालन, खर्च तथा लेखा

**११. स्रोत परिचालनः** (१) कार्यक्रम कार्यान्वयनका लागि चीन सरकारले नेपाल सरकारलाई सहयोग उपलव्ध गराउनेछ।

(२) यसरी उपलव्ध गराएको सहायता चीन र नेपाल सरकारबीच सम्पन्न हुने द्विपक्षीय सम्झौता वा सहायता फ्रेमवर्क वमोजिम परिचालन गरिनेछ ।

(३) आयोजनाको निर्माण प्रारम्भ हुनुपूर्व दफा ७ को उपदफा (३) मा उल्लिखित कार्यहरुको सम्बन्धित स्थानीय तहले व्यवस्थापन गर्नुपर्नेछ ।

(४) निर्माण सम्पन्न भई स्थानीय तहमा हस्तान्तरण हुने आयोजनाको नियमित मर्मत संभार गरी लगानीलाई दीगो र प्रभावकारी बनाउन सम्बन्धित स्थानीय तहले मर्मत संभार कोष खडा गरी सो कोषमा आयोजनाको कूल लागतको कम्तीमा एक दशमलव पाँच प्रतिशत रकमको व्यवस्था गर्नुपर्नेछ।

(५) उपदफा (४) वमोजिम छुट्याइएको रकम आयोजना निर्माण सम्पन्न भएपश्चात् सम्बन्धित आयोजनाको मर्मत संभार तथा सञ्चालनमा खर्च गर्ने गरी स्थानीय तहले आवश्यक व्यवस्था गर्नुपर्नेछ ।

**१२. खर्च, लेखांकन तथा प्रतिवेदनः** (१) चिनीया सरकारले उपलव्ध गराउने सहायता नेपाल र चीन सरकारवीचको द्विपक्षीय सम्झौता वा सहायता फ्रेमवर्क वमोजिम खर्च गरिनेछ।

(२) चिनीया पक्षले आफ्नो वित्तीय प्रतिवेदन चौमासिक एवं वार्षिक रुपमा सम्बन्धित स्थानीय तह र मन्त्रालयललाई उपलव्ध गराउनुपर्नेछ।

(३) स्थानीय तहबाट हुने खर्च प्रचलित ऐन अनुसार गरी सो को नेपाल सरकारले तोकेको ढाँचामा लेखा राख्नुपर्नेछ ।

**१३. लेखा परीक्षणः** (१) स्थानीय तह तथा चिनीया पक्षले मौजुदा कानून तथा नेपाल र चीन सरकारवीचको द्विपक्षीय सम्झौता वा सहायता फ्रेमवर्क वमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई सवल गराउनुपर्नेछ ।

(२) चिनीया पक्षले आफ्नो वित्तीय प्रतिवेदन चौमासिक एवं वार्षिक रुपमा सम्बन्धित स्थानीय तह र मन्त्रालयललाई उपलव्ध गराउनुपर्नेछ।

(३) स्थानीय तहबाट हुने खर्च प्रचलित ऐन अनुसार गरी सो को नेपाल सरकारले तोकेको ढाँचामा लेखा राख्नुपर्नेछ ।

## परिच्छेद — ५

## संस्थागत व्यवस्था तथा जिम्मेवारी

**१४.कार्यक्रम निर्देशक समितिः** (१) कार्यक्रमको उद्देश्य बमोजिम आयोजना स्वीकृत गर्न, सो को प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउन र आवश्यक समन्वय एवं निर्देशन गर्न गराउन देहाय बमोजिमको केन्द्रीय निर्देशक समिति रहनेछः

(क) सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय —संयोजक

(ख) सह—सचिव, अर्थ मन्त्रालय —सदस्य

(ग) सह—सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(योजना विकास तथा वैदेशिक सहायता समन्वय महाशाखा) —सदस्य

(घ) सह—सचिव, राष्ट्रिय योजना आयोग —सदस्य

(ङ) सह—सचिव, कृषि तथा पशुपंक्षी मन्त्रालय —सदस्य

(च) सह—सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय —सदस्य

(छ) सह—सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय —सदस्य

(ज) महानिर्देशक, स्थानीय पूर्वाधार विभाग — सदस्य

(झ) उप-सचिव, — सङ्घीय मामिला तथा सामान्य प्रशासन

मन्त्रालय (वि.स.स. शाखा) — सदस्य-सचिव

(२) समितिको बैठक आवश्यकतानुसार बस्नेछ । साथै समितिको बैठकमा संयोजकले आवश्यकतानुसार अन्य कुनै पदाधिकारी वा विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

**१५.कार्यक्रम निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** (१) कार्यक्रम निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्राविधिक समितिबाट छनौट भई सिफारिश भएका आयोजनालाई स्वीकृति प्रदान गर्ने।

(ख) कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउने सम्बन्धमा आवश्यक मार्गदर्शन प्रदान गर्ने ।

(ग) कार्यक्रम कार्यान्वयनको सन्दर्भमा स्थानीय तह तथा अन्य सरोकारवाला निकायहरुबीच आवश्यक समन्वय गर्ने गराउने ।

(घ) कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको सन्दर्भमा आवश्यक हेरफेर तथा संसोधन गर्ने।

१६. **प्राविधिक समितिः** (१) यस कार्यक्रमको लागि स्थानीय तहबाट माग भई आएका आयोजनाहरु छनौट गरी कार्यक्रम निर्देशक समितिमा स्वीकृतिका लागि सिफारिश गर्नका लागि देहाय बमोजिमको एक प्राविधिक समिति रहनेछः

(क) सह—सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
(यो तथा वि.स.स. महाशाखा) — संयोजक

(ख) उप—सचिव, सं मा तथा सा.प्र. मन्त्रालय, (यो तथा अ.मू.शाखा)—सदस्य

(ग) उप—सचिव, सं मा तथा सा.प्र. मन्त्रालय, (वि.स.स. शाखा) —सदस्य

(घ) सि.डि.ई, स्थानीय पूर्वाधार विभाग —सदस्य

(ङ) शाखा अधिकृत (वि.स.स. शाखा) —सदस्य-सचिव

(२) समितिको बैठक आवश्यकतानुसार बस्नेछ । साथै समितिको बैठकमा संयोजकले आवश्यकतानुसार अन्य मन्त्रालयका प्रतिनिधि, अन्य कुनै पदाधिकारी वा विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

१७. **प्राविधिक समितिको काम, कर्तव्य र अधिकारः** प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१) स्थानीय तहबाट माग भई आएका आयोजनाहरुको विवरण तयार गर्ने ।

२) स्थानीय तहबाट माग भई आएका आयोजनाहरु दफा ५ मा तोकिएको क्षेत्र र मापदण्डका आधारमा उपरोक्तानुसार छनौट गरी केन्द्रीय निर्देशन समितिमा स्वीकृतिको लागि पेश गर्ने ।

३) आयोजना छनौट गर्दा दफा ६ को उपदफा (३) मा उल्लिखित प्राथमिकता आधार अनुरुप छनौट गर्ने ।

४) स्थानीय तहबाट माग भई आएका आयोजनाहरुको आवश्यकतानुसार स्थलगत रुपमा निरीक्षण गर्ने ।

**१८. स्थानीय तहको जिम्मेवारीः** (१) कार्यक्रम कार्यान्वयनमा स्थानीय तहको देहाय अनुसारको जिम्मेवारी रहनेछः

(क) दफा ६ को उपदफा (१) वमोजिम आयोजना पहिचान गर्ने,

(ख) आयोजनाको लागि आवश्यक जग्गा उपलव्ध गराउने,

(ग) दफा ७ को उपदफा (३) वमोजिम आयोजना प्रारम्भ हुनुभन्दा अगाडि गर्नुपर्ने पूर्वतयारीका कार्यहरु सम्पादन गर्ने,

(घ) दफा ११ को उपदफा (४) वमोजिम मर्मत संभारको लागि छुट्याउनुपर्ने बजेटको सुनिश्चितता गर्ने,

(ङ) आयोजना कार्यान्वयनमा सहजीकरण तथा प्राविधिक पक्षको सुपरिवेक्षण गर्नका लागि एक जना प्राविधिकलाई सुपरिवेक्षक एवं सम्पर्क व्यक्ति तोक्ने,

(च) स्थानीय स्तरमा विभिन्न सरोकारवाला निकायहरुसँग समन्वय गर्ने तथा नियमित अनुगमन र सुपरिवेक्षण गर्ने ।

(छ) कार्यक्रमको आर्थिक तथा भौतिक प्रगतिको नियमित रुपमा जि.स.स., मन्त्रालय तथा अन्य सम्बन्धित निकायमा प्रगति प्रतिवेदन पेश गर्ने ।

## परिच्छेद — ६

## विविध

**१९. बाधा अड्काउ फुकाउने अधिकारः** यो कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनको लागि मन्त्रालयले यस कार्यविधिमा आवश्यकतानुसार व्याख्या गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

**२०.बाझिएमा गर्नेः** यो कार्यविधिमा लेखिएका कुनै कुरा प्रचलित कानूनसँग बाझिएको हदसम्म प्रचलित कानूनको व्यवस्था नै मान्य हुनेछ ।

## अनुसूची १

(दफा ४ संग सम्बन्धित)

**चीनको स्वशासित क्षेत्र तिब्बतसँग सीमा जोडिएका जिल्ला र स्थानीय तहको सूची**

| क्र.सं | चीनसँग सिमाना जोडिएका जिल्ला | चीनसँग सीमा जोडिएका जिल्लाभित्रका स्थानीय तह | | जम्मा |
|---|---|---|---|---|
| | | नगरपालिका | गाउँपालिका | |
| १ | दार्चुला | महाकाली, शैल्यशिखर | व्यास, अपिहिमाल,मार्मा,नौगाड, मालिकार्जुन, लेकम, दुहुँ | ९ |
| २ | बझाङ | बुंगल, जयपृथ्वी | साइपाल, सुर्मा, तलकोट, मष्टा, छबिसपाथिभरा, दुर्गाथली, केदारस्युँ, वित्थडचिर, थलारा, खप्तडछान्ना | १२ |
| ३ | हुम्ला | | नाम्खा, सिमकोट, खार्पुनाथ, चंखेली, सर्केगाड,अदानचुली, ताँजाकोट | ७ |
| ४ | मुगु | छाँयानाथ रारा, | मुगुम कार्मारोंग, सोरु, खत्याड | ४ |
| ५ | डोल्पा | ठूली भेरी, त्रिपुरासुन्दरी | शे फोक्सुन्डो, डोल्पो बुद्ध, छार्का ताङछोड, जगदुल्ला, मुड्केचुला, काइके | ८ |
| ६ | मुस्ताङ | | वारागुङ मुक्तिक्षेत्र, लो-घेकर दामोदरकुण्ड, लोमान्थाङ, घरपोझोङ, थासाङ | ५ |
| ७ | मनाङ | | नासौं, नार्पा भूमि, चामे, मनाङ डिस्याङ | ४ |
| ८ | गोरखा | गोरखा, पालुङटार | बारपाक सुलिकोट, सिरानचोक, अजिरकोट, आरूघाट, गण्डकी, चुमनुब्री, धार्चे, भिमसेनथापा, शहिद लखन | ११ |
| ९ | धादिङ | धुनीबेंशी, निलकण्ठ | खनियाबास, गजुरी, गल्छी, गङ्गाजमुना, ज्वालामूखी, थाक्रे, नेत्रावती डबजोङ, बेनीघाट रोराङ्ग, रुवी भ्याली, सिद्धलेक, त्रिपुरासुन्दरी | १३ |
| १० | रसुवा | | उत्तरगया, कालिका, गोसाईकुण्ड, नौकुण्ड, आमाछोदिङमो | ५ |
| ११ | सिन्धुपाल्चोक | चौतारा साँगाचोकगढी, बाह्रविसे, मेलम्ची | ईन्द्रावती, जुगल, पाँचपोखरी थाङपाल, बलेफी, भोटेकोशी, लिसङ्खु पाखर, सुनकोशी, हेलम्बु, त्रिपुरासुन्दरी | १२ |
| १२ | दोलखा | जिरी, भिमेश्वर | कालिन्चोक, गौरीशङ्कर, तामाकोशी, मेलुङ्ग, विगु, वैतेश्वर, शैलुङ्ग | ९ |
| १३ | सोलुखुम्बु | सोलुदुधकुण्ड | माप्य दुधकोशी, खुम्वु पासाङल्हमु, थुलुङ दुधकोशी, नेचासल्यान, माहाकुलुङ, लिखु पिके, सोताङ | ८ |
| १४ | शंखुवासभा | चैनपुर, धर्मदेवी, खाँदवारी, मादी, पाँचखपन | भोटखोला, चिचिला, मकालु, सभापोखरी, सिलीचोङ | १० |
| १५ | ताप्लेजुङ | फुङलिङ | आठराई त्रिवेणी, सिदिङ्वा, फक्ताङलुङ, मिक्वाखोला, मेरिङदेन, मैवाखोला, पाथीभरा याङवरक, सिरीजङ्घा | ९ |
| जम्मा | | | | १२६ |

## अनुसूची २

(दफा ६ को उपदफा (१) संग सम्बन्धित)

मितिः

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ ।

विषयः <u>उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम अन्तर्गत आयोजना माग गरिएको सम्बन्धमा</u> ।

यस गाउँपालिका/नगरपालिकाको मिति को गाउँ/नगर कार्यपालिकाको बैठकको वुँदा नं. को निर्णयबाट "उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" को अधिनमा रही सामाजिक आर्थिक विकासका पूर्वाधारहरु निर्माण गर्ने गरी आयोजनाहरुको माग फाराम पेश गरेको छु । आयोजना कार्यान्वयन सम्झौता बमोजिम तोकिएको समयमा आयोजना सम्पन्न गर्न स्थानीय तहको जिम्मेवारी अन्तर्गतको कार्य गर्ने र समन्वय तथा सहजीकरण गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु । कार्यविधिमा उल्लिखित कागजात र आवश्यक अन्य प्रमाण यसैसाथ संलग्न गरेको छु ।

**आयोजना सम्बन्धी विवरणः**

१. आयोजना स्थलः वडा नं.

२. उपलव्ध जग्गाको क्षेत्रफलः रोपनी/वर्ग मिटर

३. आयोजना निर्माण स्थलमा पहुँचको अवस्थाः छ/छैन

(यदि छैन भने आयोजना कार्यान्यिन सम्झौता भएको १ महिनाभित्र पहुँच मार्ग निर्माण गरिनेछ)

४. प्रस्तावित आयोजनाबाट प्रत्यक्ष रुपमा लाभान्वित हुने घरधुरी संख्याः

५. आयोजनाबाट अल्पसंख्यक तथा लोपोन्मुख जातिहरु लाभान्वित छुन्छन् भने लाभान्वित हुने जनसख्याः

६. आयोजनाको सम्भाव्यता अध्ययन गरिएको छ छैनः

७. प्रस्तावित आयोजनाले अन्य कार्यक्रमसँग परिपुरकता कायम गर्छ गर्दैनः

८. प्रस्तावित आयोजनासँग सम्बन्धित विषय सम्बन्धित गाउँपालिका/नगरपालिकाको आवधिक विकास योजना वा विषयक्षेत्रगत योजना वा नीतिको प्राथमिकतामा परेको छ छैनः

९. गाउँपालिका/नगरपालिकाको वार्षिक आन्तरिक आय रुः

संलग्न कागजातः

१. स्थानीय तहको आवधिक योजना

२. जग्गाको ट्रेस नक्सा र भोगाधिकारको प्रमाण

३. अन्य उपयुक्त कागजात

*(दस्तखत)*

*(नाम)*

अध्यक्ष/प्रमुख

गाउँपालिका/नगरपालिका